नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (विकास सहायता समन्वय शाखा)

प.सं. २०७६/०७७ (विसस) चलानी संख्याः ४१३

मितिः २०७७/०१/१६

श्री स्थानिय तहहरु(सबै) ,

**विषय: CRISIS Reporting Management Information System (CMIS) प्रयोग सम्बन्धमा**

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि सरकारका तिनवटै तहहरु आ-आफ्नो क्षेत्रमा सक्रियरुपमा लागिरहेका छन् । महामारी नियन्त्रणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक समन्वय तथा सहजीकरणको कार्य समेत गरिरहेको छ।

यसै सन्दर्भमा COVID संग सम्बन्धित विवरण स्थानीय तहमा संकलन गरी सो को प्रतिवेदन जिल्ला, प्रदेश, र संघीय सरकारका निकायमा गर्ने कार्यमा सहजता ल्याउने उद्धेश्यले "विपद ब्यवस्थापन सूचना प्रणाली" CRISIS Reporting Management Information System (CMIS) को विकास गरिएको छ।

स्थानीय तहले COVID सम्बन्धी विवरण संकलन गर्न र मन्त्रालय लगायत अन्य निकायहरुमा प्रतिवेदन गर्न उक्त CMIS प्रणाली नै आधिकारिक रुपमा प्रयोग गर्न मिति २०७६/१२/२६ को निर्णय (सचिव स्तरीय ) अनुसार स्विकृत ढाँचामा विवरणहरु स्थानीय तहमा पठाई सकिएकोछ। स्थानीय तहहरुबाट समेत सोही प्रणालीमा विवरणहरु प्राप्त भईरहेका छन्।

हाल कतिपय गैरसरकारी संघ संस्थाहरूले यस्तै प्रकारको software तयार गर्ने गरेको जानकारी प्राप्त भएको बिषयमा यस मन्त्रालयको ध्यानाकर्षण भएकोछ। अतः साधन स्रोतको दोहोरोपना हुने र सूचनामा विविधतता र अविश्वसनियता बढाउने गरी कुनैपनि software वा Apps. निर्माण र प्रयोग नगर्नु हुन स्थानीय तह एवम् सबै सरोकारवाला निकायहरुलाई अनुरोध गरिन्छ।

रेशम कँडेल
उप- सचिव

सिंहदरवार, काठमाडौ, फोन ४२००४१४, ४२००५२८Web: www.mofaga.gov.np

Scanned with CamScanner